के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अड्क १३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १३ गते आइतबार ❑ 26 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

देशमा संविधान र विधिको शासन हुनुपर्दछ : पूर्वराष्ट्रपति यादव

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

पूर्व राष्ट्रपति डा.रामवरण यादवले सरकारले जनताले अपेक्षाकृत काम गर्न नसकेको बताउनु भएको छ ।

नेपाल पत्रकार महासंघ कास्कीको शनिबार पोखरामा सम्पन्न भएको १७ औ साधारण सभा एवं १२ औ अधिवेशनको उद्घाटन गर्दै उहाँले जनताले अपेक्षा गरे अनुसारको अहिलेको सरकारले काम गर्न नसकेकोले बताउनु भएको हो ।

राज्यको चरित्र पहिलाकै अबस्थामा रहेको उल्लेख गर्दै उहाँले डिजिटल प्रविधिले विश्वलाई धेरै अघि लगेको अबस्थामा नेपाल पनि यस क्षेत्रमा पछि परेको पूर्व राष्ट्रपति यादवले जनाउनु भयो। उहाँले भन्नुभयो"धेरै ठुलो फट्को मारेको छ देशले तर गुणस्तरमा भने खस्केको अबस्थामै हामी रहेका छौं, ८० प्रतिशत मानिसहरु गरिब हुनुहुन्छ, शिक्षा स्वास्थ्य क्षेत्रमा गुणस्तरिय सेवा उपलब्ध छैन् ।" देशमा हाल धेरै प्रकारको समस्या भएकोले त्यसको खबरदारी गर्न पत्रकारलाई पूर्व राष्ट्रपति डा.यादवले आग्रह समेत गर्नु भयो । उहाँले भन्नु भयो"सहकारी ठगिको अबस्था छ, चुरे क्षेत्रको दोहानले तराइको क्षेत्रका तराई देखि जनकपुरसम्मका जनता किसान, मजदुरहरु गाग्री लियर काठमाण्डौं आउनु भएको छ।" पत्रकारिताको क्षेत्रमा लागेका व्यक्तिहरुले आफ्नो धर्म निर्वाह गरी आफ्नो जीवन निर्वाह गर्ने आफ्नो समाज र राष्ट्र प्रतिको आफ्नो दाहित्व बहन गर्न उहाँको सुझाव थियो । श्रमजीवी पत्रकारहरुको समस्या अझै रहेकोले आफ्नो व्यवसायीक धर्म निर्वाह गर्नैपर्ने अन्यथा सहज ढंगबाट समाज नचल्ने पूर्व राष्ट्रपति डा.यादवको भनाई थियो। कान्तिपुर मिडिया हाउसका मान्छेलाई सरकारले जुन प्रकारले समातेको छ त्यो विधिको शासन, कानून विपरित भएको उहाँको भनाई थियो । राज्यले गैरकानूनि ढंगले कान्तिपुर पव्लिकेशनका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरेको उहाँको आरोप थियो । चिठी पत्र काटेर, भूल भएछ भनेर सिडिओ अफिसले पत्र काट्नुपर्ने पूर्व राष्ट्रपति यादवले ले जनाउनु भयो । कैलासका बाबु घाँसीराम मारवाडीले सहज रुपमा नेपाली नागरिकता नपाएको उक्त अबस्थामा तत्कालिन प्रमुख जिल्ला अधिकारी हेमराज ज्ञवालीले घाँसीरामलाई नागरिकता दिएको उहाँले स्मरण गर्नु भयो । एक सय वर्ष पहिला आउनु भएको सिरोहियालाई राज्यले हाल गैर कानूनि ढंगबाट पक्राउ गरेको उहाँको भनाई छ ।

आफुले राजनीति जनकपुरबाट सुरु गरेको उल्लेख गर्दै उहाँले हाल तराईबासीले पानीको अभावमा काठमाडौंमा पुगेर आन्दोलित हुनु परेको पूर्व राष्ट्रपति डा.यादवले जनाउनु भयो । हाम्रो देशमा संविधानमा भएको व्यवस्था सरकारमा भएकाले पालना नगरेको आरोप लगाउदै कैलाशको पिताजी घासीराम मार्वाडी सज्जन मान्छे भएको उहाँको भनाइ थियो ।

मिडियाको विकास भए पनि देशको राष्ट्रिय चरित्र नफेरिएको उनले दुखेसो पोखे भने, 'संविधानमा भएको कुरा पनि सरकारमा भएको मानिस पालना गर्दैन ।' मिडियाको विकास भए पनि देशको राष्ट्रिय चरित्र पहिलाकै अबसथामा रहेको उहाँले गुनासो गर्नु भयो । साधारणसभामा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहर विरहीले जुनसुकै सरकार आए पनि राज्यले मूलधारका सञ्चारमाध्यमलाई नियन्त्रण र निषेधको प्रयास गर्ने प्रवृत्तिमा कुनै भिन्नता नदेखिएको बताउनु भयो । पत्रकार महासंघका वरिष्ठ केन्द्रीय उपाध्यक्ष रमेश विष्टलेखसरकार नै सञ्चार माध्यम विरुद्ध खनिएको न्याय संगत नभएको बताउनु भयो । साधारणसभामा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहर विरही कृति स्मृति पत्रकारिता वृत्ति सम्मान-२०८० बाट सम्मानित हुनु भएको छ । पूर्वसांसद तथा उद्योगपति सूर्यबहादुर केसीको स्मृतिको उहाँको परिवारद्धारा स्थापित कृति स्मृति पत्रकारिता वृत्ति सम्मान सहित नगद राशि १ लाख ११ हजार १ सय ११ रुपैयाँ रहेको छ। पत्रकार महासंघ कास्कीले आर्थिक पत्रकारिता पुरस्कार-२०८० बाट पोखराका पत्रकार श्रीराम सिग्देललाई पुरस्कृत गरेको छ भने उक्त पुरस्कारको राषि २० हजार रुपैयाँ रहेको छ । संघ कास्कीका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

सहकारी छानबिनसम्बन्धी संसदीय समितिको कार्यादेशमा सहमति हुन्छ: मन्त्री गिरी

पोखरापत्र संवाददाता
पर्वत, १२ जेठ

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सहकारीको रकम हिनामिनासम्बन्धी छानबिन गर्ने संसदीय समितिको कार्यादेश र क्षेत्राधिकारमा आइतबारसम्ममा सहमति जुट्ने बताउनुभएको छ ।

गृहजिल्ला पर्वत आउनुभएका मन्त्री गिरीले नेपाल पत्रकार महासङ्घले आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यादेशसहित समिति बन्नुपर्ने प्रमुख प्रतिपक्षी दलको अडानका कारण समिति गठनमा विलम्ब भएको बताउँदै सत्तार र प्रतिपक्ष लचिलो भएर टुङ्गोमा पुग्नुपर्छ भन्नुभयो । उहाँले आइतबारको संसद् बैठक अघि नै सहमति हुने र संसद्का कामकारबाही सञ्चालन हुने बताउनुभयो ।

बचतकर्ताको हिनामिना भएको रकम फिर्ता गर्ने प्रावधानसहित सहमति गर्नुपर्नेमा सत्तापक्ष सकारात्मक रहेको उहाँले बताउनुभयो । उपप्रधान तथा गृहमन्त्रीको नाम उल्लेख गर्नुपर्ने प्रतिपक्षी दल आफ्ना अडानबाट पछि हटिसकेको भन्दै मन्त्री गिरीले अपचलन गर्ने कम्पनी वा सहकारीको नाम भने लेख्न सकिने बताउनुभयो । उपप्रधान तथा गृहमन्त्री दोषी हो वा होइन भन्ने कुरा छानबिन पछि मात्र पुष्टि हुने भएकाले कुनै व्यक्तिको नाम तोकेर जाँदा गलत नजिर स्थापित हुने बताउनुभयो ।

मन्त्री गिरीका अनुसार आइतबार संसद्बाट नीति तथा कार्यक्रममाथिको छलफल टुङ्ग्याएर पारित गरिने र १५ गते बजेट ल्याउने तयारीमा सरकार जुटेको बताउनुभयो । उहाँले सरकार संसद्लाई छलेर अध्यादेशबाट बजेट ल्याउने पक्षमा नरहेको स्पष्ट गर्नुभयो । "जेठ १५ गते जसरी पनि आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक बाध्यता छ, यसमा प्रतिपक्षी दलले पनि सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो । पृथक प्रसङ्गमा मन्त्री गिरीले सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयक चाँडै टुङ्गोमा पुग्ने दाबी गर्नुभयो । विधेयकमा सबै राजनीतिक दलका शीर्ष नेता सकारात्मक रहनुभएको तथा उहाँहरू सहमतिको नजिक हुनुहुन्छ भन्दै उहाँले विपक्षी दलको अवरोधका कारण संसद् सहज ढङ्गले सञ्चालन नहुँदा दर्जनौँ विधेयक थन्किएका बताउनुभयो । विधेयक पारित नहुँदा स्थानीय र प्रदेश सरकारलाई काम गर्न कठिन भएको उहाँले बताउनुभयो ।

राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जाऔँ: अध्यक्ष डा राउत

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

जनमत पार्टीका अध्यक्ष एवम् प्रतिनिधिसभा सांसद डा सिके राउतले राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरिनुपर्ने बताउनुभएको छ ।

मधेस-कास्की सम्पर्क समाज पोखराको प्रथम अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले समाजवाद उन्मुख भनेर संविधानमा व्यवस्था गरिए पनि राजनीतिक प्रणालीका कारण स्थायित्व कायम हुन नसकेको बताउनुभयो । ' वर्तमान संवैधानिक व्यवस्थाबाट मुलुकले राजनीतिक स्थिरता

बाँकी अन्तिम पृष्ठमा ▶▶

जनताले अनुभूत गर्ने गरी नीति, कार्यक्रम र बजेट बनाउँछौँ : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले जनताले सरकारको अनुभूति गर्ने गरी आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट ल्याउने बताउनुभएको छ ।

कास्कीको मादी गाउँपालिका-७ मा निर्मित थाक समाज घरको शनिबार उद्घाटन गर्दै उहाँले धेरैं बोल्नेभन्दा पनि काम गरेर जनतालाई अनुभूति दिलाउने कोसिसमा आफू रहेको बताउनुभयो । त्यसका लागि प्रदेश सरकारले तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । उहाँले मादी गाउँपालिकालगायत स्थानीय तहको विकासका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बाटो निर्माण भइरहको छ, यसलाई सिक्लेससम्म पुऱ्याउने कोसिस गर्नेछौं, खानेपानीलगायत यहाँका समस्या समाधान समाधान गर्न सधैँ सरकारको सहयोग रहने छ ।" कार्यक्रममा गण्डकी प्रदेशका ऊर्जा जलस्रोत तथा खानेपानीमन्त्री वेदबहादुर गुरुङले यही क्षेत्रको जनप्रतिनिधिको हिसाबले जनताले भोग्नुपरेका समस्या समाधानका लागि आफू क्रियाशील बनेको बताउनुभयो । त्यसअवसरमासमाजघरनिर्माणमा सहयोग गर्ने व्यक्ति तथा जग्गादातालगायतलाई सम्मान गरिएको थियो ।

गण्डकीका एक लाख १० हजार बालबालिकालाई आइपिभी खोप

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

गण्डकी प्रदेशका ११ जिल्लाका एक लाख १० हजार तीन सय २७ बालबालिकालाई पोलियोविरुद्धको इनएक्टिभेटेड पोलियो भ्याक्सिन (आइपिभी) खोप दिइने भएको छ ।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत अभियानका रुपमा यही जेठ १३ गतेदेखि २६ गतेसम्म गण्डकीमा खोप अभियान सञ्चालन गर्न लागिएको प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

खोप कार्यक्रमका लागि तीन हजार चार सय ५३ खोप केन्द्र तथा स्वास्थ्यकर्मी र छ हजार नौ सय छ स्वास्थ्य स्वयंसेवक परिचालित हुने सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोदविन्दु शर्माले जानकारी दिनुभयो । विसं २०७१ बाट सुरु भएको आइपिभी खोप विसं २०७३ को प्रारम्भदेखि विश्व बजारमा अभाव हुँदा दुई वर्षभन्दा बढी अवधिसम्म यो खोप लगाउनबाट छुटेका थिए। छुटेका बालबालिकालाई पालियो रोग लाग्ने जोखिम रहेकाले छुटेकालाई खोप दिने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको सचिव शर्माको भनाइ छ । सचिव शर्माका अनुसार नियमित खोप तालिकाअनुसार आइपिभी खोप दिनुपर्ने उमेर र उक्त समयमा यो खोप लगाउन छुट भएका हालको उमेरलाई विश्लेषण गरी बालबालिकाको उमेर समूह निर्धारण गरिएको छ ।

विसं २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकालाई मात्र यो खोप दिने गरी लक्ष्य निर्धारण गरिएको र सोही आधारमा खोप तथा खोप जन्य सामग्रीको आपूर्ति तथा व्यवस्थापन गरिएको बताइन्छ ।

यस अभियानका लागि निर्धारण गरिएको उमेर समूहका अधिकांश बालबालिका विद्यालयमा अध्ययन गर्ने भएकाले खोप केन्द्र समेत विद्यालयलाई बनाइएको छ । विद्यालय नजाने बालबालिका र विद्यालयमा खोप लगाउन छुट भएका बालबालिकाका लागि पायक पर्ने स्थानमा सञ्चालन हुने बाह्य खोप केन्द्र तथा अभियानको अन्तिम दिन स्वास्थ्य संस्थामा सञ्चालन हुने खोप केन्द्रमार्फत खोप लगाइने भएको छ । खोप अभियानमा मुस्ताङमा चार सय ५०, म्याग्दीमा चार हजार तीन सय ५६, बागलुङमा ११ हजार सात सय ७१, पर्वतमा पाँच हजार सात सय र स्याङ्जामा १० हजार एक सय ५४ बालबालिकालाई आइपिभी खोप दिइने छ। यसैगरी कास्कीमा २८ हजार तीन सय सात, मनाङमा एक सय ५३, लमजुङमा छ हजार छ सय ६५, गोरखामा आठ हजार पाँच सय ३९, तनहुँमा १४ हजार पाँच सय १२ र नवलपरासीमा १९ हजार सात सय २९ जना बालबालिकालाई खोप दिने लक्ष्य राखिएको छ। पोलयो भाइरसद्वारा लाग्ने रोग हो । यो मुख्यरुपमा व्यक्ति-व्यक्तिबीचको सम्पर्कद्वारा फैलिन्छ । सङ्क्रमित व्यक्तिको दिसा-पिसाब समावेश खाना वा पेय पदार्थको सेवनबाट फैलिने यो रोगले मुख्य गरी पाँच वर्षमुनिका बालबालिकालाई असर गर्ने चिकित्सकको भनाइ छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

पोखरा कलेज अफ म्यानेजमेन्टमा पहिलो पटक 'पिसीएम फेस्टवल'

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

पोखरा नदीपुरस्थित पोखरा कलेज अफ म्यानेजमेन्ट (पिसीएम) मा पिसीएम फेस्टिवल सम्पन्न भएको छ।

पढाई सँगसँगै विभिन्न किसिमका उत्प्रेरणात्मक कार्यक्रमबाट विद्यार्थीहरूको मनोबल बढाउने उद्देश्यले कलेजले यो कार्यक्रम आयोजना गरेको आयोजक पिसीएम स्टुडेन्ट क्लबले जनाएको छ।

कार्यक्रमको प्रमुख अतिथि कलेजकी प्राचार्य लिना नेगी श्रेष्ठले कलेका सबै विद्यार्थीहरुको मिलनसँगसँगै उनीहरुको प्रतिभा पहिचान र प्रदर्शनीका लागि यो कार्यक्रम फलदायी रहेको बताइन् । 'कार्यक्रमको मुख्य उद्देश्य भनेको विद्यार्थीहरुमा भएको प्रतिभा प्रस्फूटन र सबै सेमेस्टरमा भएका विद्यार्थीको मिलन पनि हो।' - प्राचार्य श्रेष्ठले भनिन्- 'स्पोर्टस् मीट बाहेक अरु कार्यक्रमले विद्यार्थीहरुलाई मिलन गराउन नसकिरहँदा यो अर्को मीठो अवसर बनेको छ।' हरेक बर्ष तालिका नै बनाएर ५ वटा विशेष कार्यक्रम गर्दै आएको पिसीएममा यो वर्षदेखि पिसीएम फेस्टिवल पनि थपिएको छ। यस कार्यक्रममा विद्यार्थीले आर्ट्स, स्टल म्यानेजमेन्ट लगायत गायन तथा नृत्य प्रस्तुति गरेको क्लबका अध्यक्ष मिलन कँडेलले जानकारी दिए। औपचारिक कार्यक्रम पछि ब्यान्ड र डिजेले आफ्नो प्रस्तुति राखेका थिए।

आर्ट प्रतियोगितामा सविना सुनार सर्वोत्कृष्ट भइन् । शौरभ लामिछाने द्वितीय, ऋसुता हमाल तृतीय तथा स्वणिम शाक्य र एसिका गुरूङ तृतीय भए । विजेतालाई नगदसहित पुरस्कृत गरिएको थियो । कार्यक्रमको सञ्चालन एञ्जिला सुवेदी र सम्राट गुरूङले गरेका थिए।

कालीगण्डकीको 'स्टिमर'मा बुद्धिचाल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
वालिङ, १२ जेठ

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ स्थित आँधीमुहानमा मोटरबोट (स्टिमर)मा आजदेखि बुद्धिचाल प्रतियोगिता सुरु भएको छ । कालीगण्डकी गाउँपालिका र गण्डकी प्रदेश खेलकुद परिषदको संयुक्त आयोजनामा गण्डकी प्रदेशस्तरीय अन्तर जिल्ला बुद्धिचाल प्रतियोगिता सुरु भएको हो।

धार्मिक महत्व बोकेको कालीगण्डकी र आँधीखोलाको सङ्गमस्थल आँधीमुहानमा सञ्चालित देशकै पहिलो मोटरबोट (स्टिमर) मा प्रदेशस्तरीय बुद्धिचाल प्रतियोगिता थालिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। खेलकुदका माध्यमबाट यहाँको धार्मिकस्थलहरूको प्रचारप्रसार गर्ने र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गन स्टिमरमा प्रतियोगिता सञ्चालन गरिएको उहाँको भनाइ छ । "पछिल्लो समय लोकप्रिय बन्दै गइरहेको बुद्धिचाल प्रतियोगिता गाउँपालिकामा आयोजना गर्नुको मुख्य उद्देश्य नै खेलाडी उत्पादन गर्ने र खेल पर्यटनको विकास गर्ने हो", अध्यक्ष थापाले भन्नुभयो, "बौद्धिक क्षमताको विकासमा मद्दत पुऱ्याउने भएकाले पनि यसलाई प्राथमिकताका साथ अगाडि बढाएका हौँ।" दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका आठ जिल्ला र आयोजकका रूपमा रहेको कालीगण्डकी गाउँपालिका गरी नौ टोलीका ३६ जना सहभागी भएका प्रदेश बुद्धिचाल सङ्घका अध्यक्ष युवराज भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला-जिल्लामा रहेका बुद्धिचाल सङ्घको सिफारिसका आधारमा प्रत्येक जिल्लाबाट दुई पुरुष र दुई महिला गरी चारजना खेलाडी सहभागी भएका हुन्।

प्रतियोगिता सम्पन्न गर्न कालीगण्डकी गाउँपालिकाले रु तीन लाख र गण्डकी प्रदेश खेलकुद परिषदले रु तीन लाख रकम विनियोजन गरेका छन्।

कालीगण्डकी 'ए' जलविद्युत् परियोजनाको बाँधस्थल आँधीमुहानमा सुरु भएको प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशका लेखा समिति सभापति सुधीरकुमार पौड्यालले उद्घाटन गर्नुभयो। खेलकुदका माध्यमबाट स्थानीय, राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा आफ्नो पहिचान स्थापित गर्नका लागि यस प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वास उहाँले व्यक्त गर्नुभयो। "कालीगण्डकी क्षेत्रको आर्थिक, धार्मिक, पर्यटकीय एवम् सांस्कृतिक महत्वको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका यस प्रतियोगिताले गर्नेछ", लेखा समिति सभापति पौड्यालले भन्नुभयो। उक्त परियोजनाले बाँध बाँधेपछि निर्माण भएको कृत्रिम जलाशयमा स्टिमर सञ्चालन हुँदै आइरहेको छ । बाँधस्थलबाट करिब सात किलोमिटर टाढासम्म जलाशय रहेको छ। स्याङ्जाको आँधीमुहानमा रहेको जलाशयमा सञ्चालन हुँदै आएको स्टिमरबाट स्याङ्जा, पर्वत र गुल्मीको सङ्गलमस्थलमा रहेको सेतीवेणी शिलासम्म सहजरूपमा यात्रा गर्न सकिन्छ । कुनै बेला यात्रु तथा सामान ढुवानीको मुख्य साधनका रूपमा स्थापित भएको स्टिमर सेवा अहिले कालीगण्डकी कोरिडोर खुलेसँगै प्रभावकारी हुँदै जान थालेको छ।

राजनीतिक ...

पाउने देखिदैन। स्थायी सरकारका लागि प्रधानमन्त्री, सातै प्रदेशका मुख्यमन्त्री र न्यायालयसम्म प्रत्यक्ष निर्वाचित नेतृत्वको व्यवस्था हुनुपर्छ, तब स्थायित्व र परिवर्तनको अनुभूति गराउने गरी विकास गर्न सकिएला", उहाँले भन्नुभयो । अध्यक्ष डा राउतले राजनीतिक अस्थिरताकै कारण नेपालमा विदेशी लगानीभित्रिन नसकेको र वैदेशिक लगानीबिना ठूला आयोजना विकास गर्न नेपालको स्रोतले ध्याउने अवस्था छैन भन्नुभयो। उहाँले समाजवादी प्रणालीबाट मात्र देशलाई निकास दिन नसकिने निष्कर्षसहित आफ्नो पार्टीले नौलो गणतन्त्रको रूपमा सामाजिक लोकतन्त्रको कुरा गरेको धारणा राख्नुभयो । कार्यक्रममानेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तेजकुमारी पौडेलले माओवादी आन्दोलनबाट स्थापित व्यवस्थाले जातीय तथा लैङ्गिक विभेद न्यूनीकरण भएको दाबी गर्दै अब हरेक नेपालीलाई समान अधिकार दिने गरी पार्टी अगाडि बढेको बताउनुभयो । नेपाली कांग्रेस कास्कीका नेता बाबुराम गिरीले देशमा देखिएको आर्थिक सङ्कटलाई समाधान र नेपालको युवा जनशक्तिलाई नेपालमा नै परिचालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

संसद्को अवरोध चाँडै हट्छ : उपाध्यक्ष पौडेल

रासस
चितवन, १२ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले संसदको अवरोध चाडै हट्ने बताउनुभएको छ । नेकपा (एमाले) चितवनको ११औँ अधिवेशनको शनिबार भरतपुरमा उद्घाटन गर्दै उहाँले नेपाली कांग्रेसले संसद्को बहुमतलाई बन्धक बनाएकाले त्यसलाई पन्छाएर अगाडि बढ्ने उल्लेख गर्नुभयो।

"कांग्रेसको अवरोधलाई हटाएर भए पनि संसद् बन्धक हुन दिँदैनौँ", उपाध्यक्ष पौडेलले भन्नुभयो। विसं २०८४ को चुनावसम्म यही गठबन्धन रहने उहाँले बताउनुभयो। "कांग्रेससँग प्रतिपक्षमा बसेर निर्वाचन लडेको अनुभव धेरै छैन", उहाँले भन्नुभयो, "आगामी निर्वाचनमा हामी बहुमत ल्याउँछौँ ।" वर्तमान समीकरण तोड्न अनेक प्रयास भइरहेको उहाँले बताउनुभयो।

एमालेका अर्का उपाध्यक्ष सुरेन्द्र पाण्डेले संसद अवरोधले बजेट ल्याउन समस्या हुने बताउनुभयो । देश आर्थिक सङ्कटमा रहेको बेला मिलेर बजेट ल्याउनुपर्ने उहाँको भनाइ थियो । "नाराबाजीका बीचबाट बजेट ल्याउनु पर्ने हुन सक्छ । अध्यादेशमार्फत भएर पनि बजेट ल्याउनुपर्ने हुनसक्छ । नत्र संवैधानिक सङ्कट आउँछ।"

सज्जिवनी दिदीबहिनीद्धारा छात्रवृत्ति वितरण

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

सञ्जिवनी दिदीबहिनी केन्द्र नेपालले पोखराका विभिन्न विद्यालयमा अध्ययरत गरिव असाय छात्राहरुलाई छात्रवृत्ति वितरण गरेको छ।

पोखरा पार्टी प्यालेसमा सम्पन्न भएको कार्यक्रम सञ्जिवनी दिदी बहिनी केन्द्र नेपालका अध्यक्ष विना गुरुङ्गको अध्यक्षता तथा अधिवक्ता तारा शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो उक्त कार्यक्रममा पोखराका विभिन्न विद्यालयमा अध्ययनरत २९ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको हो ।

जोन्टा क्लब अफ पोखराको अध्यक्षमा बिजुक्छे

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

जोन्टा क्लब अफ पोखराको अध्यक्षमा रोजिना रञ्जित विजुक्छे चयन भएकी छन्।

क्लवको शुक्रबार भएको पाँचौं अधिवेशनले बिजुक्छेलाई अध्यक्षमा चयन गरेको हो। अध्यक्षमा निर्वाचित बिजुक्छे क्लवकी निवर्तमान उपाध्यक्ष हुन् । क्लवको उपाध्यक्षमा नेलिसा ठकुरी केसी, सचिवमा सृजना कार्की भट्टराई र कोषाध्यक्षमा अनिता खड्का भट्टराई चयन भएकी छन्। समितिको निवर्तमान अध्यक्षमा मोनिका थापा छिन्।

क्लवको कानूनी डाइरेक्टरमा बन्दना कार्की, अवार्ड एण्ड स्कलरसीप डाईरेक्टरमा साम्राज्ञी क्षेत्री, सेलेब्रेसन एण्ड फेलोसीप डाइरेक्टरमा सविता श्रेष्ठ, लिडरसीप र स्कील डेभलपमेन्ट डाइरेक्टरमा श्रीविद्या कायस्थ, पिआर एण्ड ग्रेटर भिजिबिलिटी डाइरेक्टरमा लीना गोशली, सर्भिस कमिटी डाइरेक्टर अञ्जना तझ्या, यूएन एण्ड क्लाईमेट चेञ्ज डाइरेक्टरमा निलिमा गुरुङ र जेड एण्ड गोल्डेन डाइरेक्टरमा पूजा केसी चयन भएको अध्यक्ष रोजिना रञ्जित विजुक्छेले जानकारी दिईन्। जोन्टा क्लब अफ पोखरा विश्वव्यापी जोन्टा इन्टरनेशनल अन्तर्गतकै क्लब हो। जुन १९१९ मा स्थापना भएको थियो। जोन्टा क्लबले महिलाहरूको हक र अधिकार र विभिन्न देशहरूमा आफ्ना शाखाहरू मार्फत महिला सशक्तिकरणका लागि पहल गर्दै आएको क्लबकी नवनिर्वाचित अध्यक्ष बिजुक्छेले बताइन् । पोखरामा पनि यो क्लबले महिला सशक्तिकरणका लागि विभिन्न तालिम, सचेतना कार्यक्रम, र समुदायमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको उनले जानकारी दिइन्। यसको उद्देश्य महिलाहरूलाई आत्मनिर्भर बनाउन, उनीहरूको क्षमता विकास गर्न, र समाजमा समान अधिकार सुनिश्चित गर्न मद्दत पुर्याउनु रहेको उनको भनाइ छ।

जनहितमा जारी सूचना

- मानव बस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दु:खद घटनाहरु घटिरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं ।
- आफ्नो बस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भीड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनैपनि तरिकाले जिस्काउने कार्य नगरौं ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

सम्पादकीय

निकासका लागि सहमति

हउपभोक्ता नबिन समतिको कार्यादेश (टीओआर) टुङ्ग्याउने जिम्मा घुमिफिरी शीर्ष नेताकोमा पुगेको छ । छ कार्यदल सदस्यसहित बालुवाटारमा शनिबार बेलुका भएको छलफलमा आइतबार सहमति जुटेको छ । शीर्ष नेतासहितको बालुवाटार बैठक औपचारिक एजेन्डामा प्रवेश नगरे पनि आइतबार बिहान तीन दलका शीर्ष नेताले छलफल गर्नेछन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवा बसेर समितिको कार्यादेशलाई अन्तिम रूप दिनेछ ।

बालुवाटार बैठकअघि सिंहदरबारमा कार्यदलको बैठक बसेको थियो । छानबिन समितिको टीओआरबारे कार्यदल सहमति नजिक पुगेको कार्यदलका सदस्यहरु बताउने गर्छन । कार्यदलमा भएको छलफलबारे शीर्ष नेताहरुलाई जानकारी गराइएको संयोजक तथा कानुन मन्त्री पदम गिरीले जानकारी दिएका छन । बैठक छानबिन समितिको कार्याविधि तय गर्ने विषयमा निकै महत्त्वपूर्ण भएको जिकिर गरे । अब शीर्ष नेताहरुले नै यसलाई अन्तिम निष्कर्षमा पुर्‍याउने जिम्मेवारी लिनुपर्छ ।सामाजिक संजालमा विरोध गर्नेहरू समिति बनाउने पक्षमा देखिनु समिकरण अनुसार चल्ने अभ्यास हो ।

‘पहिले यो यो सहकारीबाट रकम अपचलन भएको र यी-यी व्यक्तिले अपचलन भएको भनेर लेख्नुपर्छ भन्ने मागका साथ प्रमुख प्रतिपक्षी दलले विषय उठाउँदै आएको छ ।,यता व्यक्तिको नामभन्दा पनि संकटग्रस्त सहकारीबारे छानबिन समिति बनाउनुपर्छ भन्ने सत्तापक्षको भनाई थियो । आज -जुन सहकारीबाट रकम अपचलन भएको छ र जुन-जुन कम्पनीबाट रकम अपचलन भएको छ, ती सबैको नाम उल्लेख गर्ने र छानबिन समिति बनाउन सकिन्छ भन्ने तहमा पुग्नु एक पाइला अगाडि हो ।

कम्पनीको छानबिन गर्दै जाँदा अपचलन गर्नेहरूको नाम स्वतः आउँदछ । प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले विगत लामो समय यता उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेमाथि संसदीय समिति गठन गरी सहकारीको रकम अपचलनसम्बन्धी छानबिन गर्नुपर्ने माग गर्दै आएको छ । संसद्को अवरोध हटाउन सत्ता पक्षले सहकारीको रकम अपचलन गर्ने कम्पनीको नाम तोकेर कार्यादेश बनाउन तयार भएको गिरीले बताए । दुवैको ईगोले गर्दा विवादको घेरामा छ ।

संसदीय छानबिन समिति नबनाएसम्म संसद् चल्न नदिने भन्दै गत चैत २ गतेदेखि कांग्रेसले लगातार प्रतिनिधि सभाको बैठक अवरुद्ध गर्दै आएको छ । यो बीचमा कांग्रेसले संसद्मा राष्ट्रपतिलाई नीति तथा कार्यक्रम वाचन गर्न समय दिए पनि त्यसमाथि छलफल हुन सकेन । जेठ १५ अघि सत्तापक्ष र काङ्ग्रेसबिच सहमति हुन सकेन भने आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्ने र त्यसमाथि छलफल गर्ने संसदीय अभ्यासमा प्रभाव पर्ने देखिएको छ । संसदीय मूल्य र मान्यता विपरीत जाने अवस्था अन्त्य् गर्न पनि दलहरूबीच सहमति जरुरी छ ।

तपाईको आज

मेष	: आर्थिक समस्या	तुला	: कार्यमा सफलता
वृष	: मानसिक तनाब	वृश्चिक	: शुभ यात्रा
मिथुन	: शारीरिक झमेला	धनु	: स्वास्थ्यमा सुधार
कर्कट	: ब्यापारमा लाभ	मकर	: सहयोग मिल्नेछ
सिंह	: शत्रुको भय	कुम्भ	: अप्रत्यसित लाभ
कन्या	: झमेला बड्ने	मीन	: सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

अगुवा विद्यालयले जगाएको आशा

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

बागलुङको जैमिनी नगरपालिकाले शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्न थालेको छ । शैक्षिक गुणस्तर वृद्धि गर्ने र एकीकृत विद्यालय निर्माण गरी टाढाका विदार्थीलाई विद्यालयमै राखेर अध्ययन गर्ने योजना नगरपालिकाले कार्यान्वयनमा लगेको छ ।

बढ्दो बसाइँसराइका कारण विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्ने र नगरपालिकाको लगानी सदुपयोग नहुने भएकाले नगरपालिकाले दुई वर्षदेखि अगुवा विद्यालय, आवासीय विद्यालय, पढ्दै कमाउँदै र प्राविधिक अध्ययनको अवधारणा अघि सारेको हो । विद्यार्थी र अभिभावकालई आम्दानीसँग जोड्ने, आवासीयसहितको विद्यालय बनाउँदै नगरकै शैक्षिक हब बनाउन जैमिनी नगरपालिका-५ बिनामारेस्थित सर्वोदय जनक माध्यामिक विद्यालयलाई अगुवा विद्यालयका रूपमा अगाडि बढाएको छ । यस वर्षदेखि ‘ पढ्दै कमाउँदै’ कार्यक्रमका लागि समेत विद्यालय छनोट भएको छ ।

अगुवा विद्यालयमा टाढाका विद्यार्थीलाई आवासीय सुविधा दिने, अतिविपन्न परिवारलाई पढ्दै कमाउँदै अभियानसँग जोड्ने र पालिकाकै शिक्षा क्षेत्रको नमूना विद्यालय निर्माण अभियानमा जैमिनी नगरपालिकाले लगानी गरिरहेको उपप्रमुख हरिहर शर्माले बताउनुभयो ।

“छरिएको बस्ती नजिकको विद्यालयमा विद्यार्थी घट्न थालेपछि एउटा वडामा एक नमूना विद्यालय बनाउने, पालिकास्तरीय अगुवा विद्यालय बनाउने र प्राविधिक धारतर्फको अर्को विद्यालय बनाउने हाम्रो गुरुयोजना हो ।” पालिकाको केन्द्र कुश्मिसेराको शान्ति माविमा कम्प्युटर प्रविधितर्फ पढाइ भइसकेको छ भने बिनामारेको सर्वोदय जनक माध्यमिक विद्यालयमा आवासीय सुविधा, पढ्दै कमाउँदैलगायतका सुविधा थपेर अगुवा विद्यालय बनाइएको छ ।

उपप्रमुख शर्माका अनुसार विद्यार्थी घटेको विद्यालयलाई गाभ्ने र टाढाका विद्यार्थीलाई आवासीय सुविधा दिने नगरपालिकाको योजना कार्यान्वयनको चरणमा छ । सबै विद्यालयमा पूर्वाधार, शैक्षिक गुणस्तर वृद्धिमा लाग्दा परिणाम नआउने भन्दै वडा-वडामा नमूना विद्यालय बनाउने, आसपासका विद्यालयलाई नमूना विद्यालयमा गाभ्ने योजना नगरपालिकाको छ । विद्यालय गाभ्दा अपायक परेका विद्यार्थीलाई होस्टल वा यातयातको व्यवस्था नगरपालिकाले मिलाउने गुरुयोजना बनाएको छ ।

दुई वर्षअघि अगुवा विद्यालय घोषणा गरिएको सर्वोदय जनक माविमा नगरपालिकाले रु १८ लाख लगानी गरिसकेको वडाध्यक्ष ठगेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । विद्यालयमा यस वर्षदेख पढ्दै कमाउँदै अभियानअन्तर्गत चार रोपनी जग्गा भाडामा लिएर ६७ प्लाष्टिक टनेल स्थापना गरिएको छ । गाउँमा रहेको एक संस्थागत विद्यालय गाभेपछि उक्त विद्यालयलाई नमूना विद्यालयका रूपमा अगाडि बढाइएकामा पालिकाले लिड विद्यालयका रूपमा विकास गर्न लगानी बढाएको उहाँको भनाइ छ । संस्थागत विद्यालयको पूर्वाधार समुदाय र विद्यालयको अग्रसरतामा सामुदायिक विद्यालयको मातहतमा लिएर उक्त पूर्वाधारलाई होस्टल प्रायोजनका लागि विकास गरिएको विद्यालयका प्रधानाध्यापक भवानी आचार्यले बताउनुभयो । उहाँले पालिकाकै अगुवा विद्यालयका रूपमा नगरपालिकाले घोषणा गरेपछि अभिभावकमा विद्यालयप्रतिको भरोसा भढ्दै गएको बताउनुभयो । “तीन सय तीन विद्यार्थी अध्ययनरत छन्, यहाँको निजी विद्यालयसमेत यहाँ गाभिएको छ, विद्यार्थी बढाउन अगुवा विद्यालयको अवधारणा पालिकाले लिएको छ”, प्रधानाध्यापक आचार्यले भन्नुभयो, “विद्यार्थी थोरै भएको विद्यालयलाई गाभेर ठूलो विद्यालयमा ल्याउने, शिक्षकको दरबन्दी थप भएपछि पढाउन सहज हुन्छ, घरबाट आउन टाढा हुने विद्यार्थीलाई यातयातको साधन अथवा आवासीय रूपमा शिक्षा दिनेगरी अगाडि बढेका छौँ ।” पढ्दै कमाउँदैअन्तर्गत भाडाको चार रोपनी जग्गामा ६ प्लाष्टिक टनेल निर्माण गरिएका छन् । यस वर्षदेखि विद्यार्थीकै सक्रियतामा तरकारी उत्पादन गरिँदैछ । कक्षा १० का विद्यार्थीलाई गत वर्षदेखि आवासीय सुविधा दिइएको छ । कृषि उपजलाई विद्यालयको दिवाखाजा र होस्टलमा प्रयोग गरिने प्रधानाध्यापक आचार्यले बताउनुभयो । विद्यालयका लागि आएको रु १८ लाखबाट होस्टेल, तारबार र आवासका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको उहाँले बताउनुभयो ।

जनप्रकाश बहुमुखी क्याम्पसमा तिन दिने पुर्नताजकी तालीम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस जनप्रकाश बहुमुखी क्याम्पस पोखरा २९ मा विश्वविद्यायल अनुदान आयोग को सहयोगमा तीन दिने पुर्नताजकी तालीम सम्पन्न भएको छ ।

क्याम्पसको अनुसन्धान बिभागले आयोजना गरेको उत्त तालिमको उद्घाटन १० गते विहिबार भएको थियो । अनुसन्धान बिभाग प्रमुख युवराज लामीछाने को सभापतीत्वमा सञ्चालित तालिममा क्याम्पस सन्चालक समीतीका अध्यक्ष बिजयराज भन्डारीको प्रमुख अतित्थ्यता रहेको थियो । तिन दिन सम्म संचालन भएको उत्त पुर्नताजकी तालीम कार्यक्रममा पोखरा विश्वविद्यालय मानविकी तथा समाजसास्त्रका डिन सह प्राध्यापक अजय थापा, त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस कीर्तिपुरका सह प्राध्यापक जगत तिमील्सीना, जनप्रकाश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ऋषीराम बुढाथोकी, जनज्वती क्याम्पस भीमादका क्याम्पस प्रमुख केशवराज काफ्ले, क्याम्पसका सञ्चालक समिति सदस्य विष्णु प्रसाद तिवारी, सहायक क्याम्पस प्रमुख अर्जुन ओझा लगाएतले बोलेका थीए । क्याम्पसका प्राध्यापक सन्दिप अधिकारीले सञ्चालन गर्नुभएको उक्त तालिममा गुप्तेश्वर माहादेव बहुमुखी क्याम्पस, लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, भद्रकालि बहुमुखी क्याम्पस, जनज्वति क्याम्पस,भिमाद, कालिका पब्लिक कलेज र जनप्रकाश बहुमुखी क्याम्पसका ३५ जना प्राध्यापकहरुको सहभागीता रहेको थियो । उक्त तालिममा पोखरा विश्वविद्यालयका प्राध्यापक डा. इन्द्र प्रसाद तिवारी र पृथ्वीनारायण क्याम्पस पोखराका उपप्रध्यापक डा. देवीलाल शर्मा, क्याम्पस प्रमुख ऋषिराम बुढाथोकी, पोखरा विश्वविद्यालयका उप प्राध्यापक घनश्याम तिवारी, गुप्तेश्वर माहादेव बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख मोहन भण्डारीले सहजीकरण गरेका थिए ।

बेनी नगरपालिकामा डिजिटल घर नम्बर प्रणाली सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १२ जेठ

म्याग्दीका बेनी नगरपालिकाले क्यूआर कोडसहितको डिजिटल (विद्युतीय) घर नम्बर प्रणाली सुरु गरेको छ ।

सबै नगरवासीको सूचना, विवरण सङ्कलन र विद्युतीय प्रणालीमा अद्यावधिक गरी डिजिटल घर नम्बर प्रणाली लागू गरेको हो । नगर प्रमुख सुरत केसीले सेवा प्रवाहलाई सहज, सुशासन र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन डिजिटल घर नम्बर प्रणाली लागू गरिएको जानकारी दिनुभयो । “डिजिटल घर नम्बर प्रणालीमा रहने क्यूआर कोडमा सम्बन्धित घर कहाँ छ, उक्त घर कति तलाको छ, कुन रङको घर, घरमा कति कोठा छ, उक्त घर केबाट बनेकोलगायतका ९० किसिमका जानकारी राखिएको छ”, उहाँले भन्नुभयो, “सुरक्षाका हिसाबले गोप्य सूचनामा सम्बन्धित घरधनीबाहेक अरुको पहुँच नहुने व्यवस्था मिलाएका छौ ।”

नगर प्रमुख केसीले शुक्रबार साँझ बेनी नगरपालिका-८ न्यूरोडका लिलाराम गौतम र देवी केसीलाई डिजिटल घर नम्बर हस्तान्तरण गरेर अभियान सुरुआत गर्नुभयो । पहिलो चरणमा बेनी नगरपालिकाको ७ र ८ नम्बर वडाका १ हजार नौ सय घरमा डिजिटल घर नम्बर प्लेट राखिने नगर प्रमुख केसीले बताउनुभयो । उहाँका अनुसार बेनी नगरपालिकाको १० वटै वडाका सात हजार दुई सय घरमा पुगेर सूचना र विवरणलाई विद्युतीय प्रणालीमा अभिलेखीकरण गरिएको छ । ७ र ८ नम्बरबाहेकका वडाका घरमा राखिने डिजिटल नम्बर प्लेट छपाउने तयारी गरिएको नगरपालिकाले जनाएको छ। बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तम कर्माचार्यले सेवा सुविधाको दुरुपयोग र दोहोरो सुविधा रोकिने, घरधनीले आफ्नो विवरण आफैँ अद्यावधिक गर्नसक्ने, सुत्केरी, गर्भवती तथा जटिल रोग, बिरामी, विपद्को अवस्थामा तत्काल सहयोग गर्न सकिने गरेर डिजिटल घर नम्बर प्रणालीको विकास गरिएको बताउनुभयो ।

Province Government
Ministry of Agriculture and Land Management
Directorate of Livestock and Fisheries Development
Gandaki Province, Pokhara, Kaski

Invitation for E-Bid (RE-bid)

Date of Publication: 2081-02-13 B.S. (26th May, 2024 A.D.)

1. Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski invites electronic bid from duly registered eligible bidders for the contracts given below.

S. N.	Contract No.	Name of the Project	Minimum Bid Security Amount (NRs) and its validity period	Non-Refundable fee for Bidding Document (NRs)	Bid Validity Period
1	DLFD/ Gandaki/Goods/ 3/2080-081	SUPPLY AND DELIVERY OF FMD and ANTI-RABIES VACCINES	NRs. 2,59,460.00 (valid up to 120 days from the date of bid opening)	NRs.3,000.00	90 days

- Date, time and place for Pre-bid meeting: 2081-02-24 B.S. (06st June, 2024 A.D.) / 14:00 Hours/ DLFD, Pokhara, Kaski
- Last date and time for bid submission: 2081-02-28 B.S. (10th June, 2024 A.D.)/ 12:00 Hours
- Date, time and place for bid opening: 2081-02-28 B.S. (10th June, 2024 A.D.) / 14:00 Hours/ DLFD, Pokhara, Kaski

2. For Purchasing Bid Document: – Name of Office: Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski, Name of Bank: Rastriya Banijya Bank, Prithvi Chowk, Pokhara, Office Code No.: 3120239014, Revenue Account no.: 1000100200010000, Revenue Shirshak no.:14229
3. To deposit security in Cash: – Name of Bank: Rastriya Banijya Bank, Prithvi Chowk, Pokhara, Account Name: Pradesh Lekha Niyantrak Karyalaya, Gandaki Province, Pokhara, Account no: 3020100202030000.
4. For detail information, please inspect the bidding documents at Directorate of Livestock and Fisheries Development, Gandaki Province, Pokhara, Kaski or through website: www.bolpatra.gov.np/egp

Office Chief

कालीगण्डकी नदीमा युनिक मोटरेवल पुल निर्माण

रासस
तनहुँ १२ जेठ

तनहुँको घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका-१ स्थित कालीगण्डकी नदीमा युनिक मोटरेवल पुल निर्माण भएको छ। पुल निर्माणपछि पाल्पा र तनहुँको यात्रा सहज हुने भएको छ।

गण्डकी प्रदेशको ग्रामीण क्षेत्र तनहुँको घिरिङ र लुम्बिनी प्रदेशको पाल्पाको रामपुर जोड्ने उद्देश्यले पुल निर्माण गरिएको हो । पुल निर्माणपछि यहाँका स्थानीयलाई स्याङ्जा हुँदै पाल्पा पुग्नुपर्ने घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता हट्ने भएको छ।

कालीगण्डकी नदी मोटरेवल पुल पुट्टारघाट (तनहुँ-पाल्पा) उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले विसं २०७३ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट बजेट प्राप्त भएपछि कालीगण्डकी नदी माथि पुल निर्माण थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, “स्थानीयवासीको प्रयासले नै पुल निर्माण भइरहेको छ, अब स्याङ्जाको घुमाउरो बाटोबाट पाल्पा पुग्नुपर्ने बाध्यता हट्ने भएको छ ।” कालीगण्डकी नदी पुल निर्माण ९० प्रतिशत पूरा भएको उहाँले जानकारी दिनुभयो । वर्षायाममा बाढी आउने समयमा नै सञ्चालनमा आउने गरी पुल निर्माणका काम भइरहेको उहाँको भनाइ छ। अध्यक्ष सिग्देलले भन्नुभयो, “देशकै नमूनाको रुपमा डबल ल्याण्डको युनिक पुल निर्माण भइरहेको छ, यहाँ पुल निर्माण हुन थालेसँगै आमनागरिकमा खुसी छाएको छ, यहाँ बनेको मोटरेवल पुलले तराईतर्फ र पहाडतर्फ जान सहज हुनेछ ।” पुल नहुँदा विगतमा भोग्दै आएको सास्तीको समाधान गर्ने र दुई प्रदेशका ग्रामीण क्षेत्रलाई जोड्ने उद्देश्यले यहाँका स्थानीयको पटक-पटकको प्रयासले मोटरेवल पुल निर्माण भइरहेको उहाँले बताउनुभयो । “स्थानीयको प्रयासले कालीगण्डकी नदीमाथिको मोटरेवल पुल निर्माणले सफलता पाएको छ”, अध्यक्ष सिग्देलले भन्नुभयो, “यहाँ बनेको मोटरेवल पुलले तनहुँका ग्रामीण क्षेत्रमा ठूलो विपद् आइपरेमा जिल्लाको सहयोगको मात्र नभई प्रदेश राजधानी पोखराबाट पनि सहज रुपमा सहयोग लिन सकिनेछ ।” घिरिङमा बाढी, पहिरो, आगलागीजस्ता विपद् आइपरेको खण्डमा सदरमुकामबाट सहजरुपमा सहयोग पुग्न नसकेको अवस्थामा पनि प्रदेश राजधानी पोखरा, रामपुर, तराई क्षेत्रबाट सहजरुपमा सहयोग पाउन सक्नेछ । वर्षायाममा खहरे खोलामा बाढी आएको अवस्थामा समेत यस पुलमार्फत अन्यत्र आवतजावत गर्न सकिनेमा स्थानीय विश्वस्त छन् । मोटरेवल पुल दुई सय १० मिटर लम्बाइको बन्नेछ । पुल निर्माणका लागि विसं २०७३ असार ३ गते निर्माण सम्झौता भएको हो । शर्मा, युनाइटेड विल्डर्स, रमन जेभीले रु २४ करोड ७९ लाख ७९ हजार एक सय २५ मा ठेक्का सम्झौता गरेको छ।

कोभिडका कारण केही समय निर्माणका कार्यले तीव्रता पाउन नसक्दा हालसम्म दुई पटक म्याद थप गरी निर्माणको काम अहिले करिब अन्तिम चरणमा पुगेको अध्यक्ष सिग्देलले जानकारी दिनुभयो । हालसम्म उक्त पुल निर्माणका लागि दुई पटक म्याद थप गरिएको छ । विसं २०८१ पुस मसान्तसम्ममा ठेकेदार कम्पनीले उक्त मोटरेवल पुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । हालसम्म पुलको ढलान, जडानलगायतका कार्य भइरहेको छ। वर्षायामसँगै आउने बाढीपहिराले स्याङ्जा हुँदै पाल्पा पुग्नुपर्ने बाध्यता हट्ने भएपछि खुसी लागेको दानबहादुर शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, “पुल बनेपछि त सजिलै पाल्पा पुग्न र आउन भ्याइन्छ, बाटो घुमाउरो पनि पर्दैन, यो पुल बन्दै गर्दा हामीलाई खुसी दिलाएको छ ।” स्याङ्जाको बाटो भएर पाल्पा जाने क्रममा पनि खोलामा मोटरेवल पुल नहुँदा यात्रामा समस्या आउने गरेको थियो। यहाँ मोटरेवल पुल निर्माण भएपछि भने चार जिल्लाका स्थानीय प्रत्यक्ष लाभान्वित हुनेछन् ।

कालीगण्डकी करिडोरसँग जोडिएकाले सहजरुपमा पहाड तथा हिमाली जिल्लातर्फ र तराईतर्फ आवजतजावतमा सहज हुने मोटरेवल पुल बन्नेछ। पुल निर्माण भएपछि तनहुँलगायत पाल्पा, स्याङ्जा र नवलपुरका करिब तीन लाख स्थानीय प्रत्यक्ष लाभान्वित हुनेछन् । यो दुई प्रदेशका ग्रामीण क्षेत्रलाई जोड्ने मोटरेवल पुल बनेको हो । यहाँ पुल निर्माण भएपछि यात्राको दूरी कम हुनुका साथै ग्रामीण क्षेत्रका स्थानीयलाई सेवा प्रवाहमा समेत सहज हुनेछ।

पाहुनाको स्वागतमा महिलाः
स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका– २ स्थित लामडाँडा सामुदायिक होमस्टेका महिलाहरु पाहुनाको स्वागतका लागि लामबद्ध हुँदै । तस्बिर : तोलाकान्त बगाले/रासस

ढोरपाटनमा बढ्दै पर्यटक : दश महिनामै साढे चार करोड राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्यटक आगमन बढ्न थालेसँगै राजस्व सङ्कलनसमेत वृद्धि हुन थालेको छ।

सिकार आरक्ष कार्यालयले चालु आर्थिक वर्षको १० महिनामा रु चार करोड ४८ लाख १५ हजार राजस्व सङ्कलन गरेको छ। खास गरी ढोरपाटनमा विदेशी पर्यटक सिकार खेल्न र आन्तरिक पर्यटक घुमफिर गर्न आउने गरेका छन् । विसं २०४४ मा स्थापना भएको सिकार आरक्षमा विदेशी पर्यटकका लागि उत्कृष्ट गन्तव्य मानिँदै आएको छ । अघिल्लो आवमा रु तीन करोड ४८ लाख मात्रै राजस्व सङ्कलन भएकामा यो आवको अन्त्यमा दोब्बर सङ्कलन गर्ने सिकार आरक्षले लक्ष्य राखेको छ । ढोरपाटनमा वर्षमा दुई याम सिकारका लागि खुला गरिन्छ । पहिलो याम (असोज-मङ्सिर) र दोस्रो सिजन (फागुन-वैशाख) हो। यस वर्ष दुई याममा ३० वन्यजन्तुको सिकार भएको छ। चालु आवमा सिकार अनुज्ञापत्र शुल्कबाट मात्रै रु चार करोड २६ लाख राजस्व सङ्कलन भएको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले जानकारी दिनुभयो।

अनुज्ञापत्र शुल्कबोहक यस वर्ष पर्यटक प्रवेश शुल्कबाट रु ११ लाख ६५ हजार, काठ, नदीजन्य वस्तु र जरिवानाबाट रु नौ लाख चार हजार तथा हेलिकप्टर अवतरण गराएबापत रु ५७ हजार राजस्व सङ्कलन भएको उहाँको भनाइ छ । गत वर्षको तुलनामा यस वर्ष पर्यटकको सङ्ख्यासमेत बढेको छ । अघिल्लो वर्ष सात हजार छ सय ४५ पर्यटक आएकामा यस वर्ष नौ हजार चार सय ३६ पर्यटक आएको कँडेलले जानकारी दिनुभयो। वन्यजन्तुको सिकार भने गत वर्ष र यस वर्ष ३०/३० वटानै भएका उहाँको भनाइ छ।

वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले कोटाका आधारमा सिकारीको ठेक्का खुलाउने र ठेक्का पर्ने सिकार ढोरपाटन आउने गर्छन् । आव २०७८/७९ मा भने नौ हजार नौ सय १९ पर्यटक भित्रिएकामा रु एक करोड ७५ लाख ७७ हजार मात्रै सङ्कलन भएको थियो। आव २०७६/७७ मा रु ३७ लाख र आव २०७७/७८ मा रु २० लाख मात्रै सङ्कलन भएको थियो । पछिल्लो दुई वर्ष राजस्व सङ्कलनको दर बढ्दै गएको संरक्षण अधिकृत कँडेल बताउनुहुन्छ। कँडेलले भन्नुभयो, “पछिल्लो दुई वर्षमा पर्यटक आगमन बढ्दै गएको छ, यहाँ सिकार खेल्नका लागि धेरैजसो विदेशी नागरिक नै आउने गर्छन्, यहाँ आउनेले मनलाग्दीरुपमा सिकार गर्न पाइँदैन, वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले मात्रा निर्धारण गरेर बोलपत्र आह्वान गरेको हुन्छ, सोहीअनुसार जसलाई ठेक्का पर्छ उही कम्पनीमार्फत सिकार आएर सिकार गर्ने हो।”

ढोरपाटनका होटल व्यवसायी गङ्गाबहादुर भण्डारीले विदेशी पर्यटक हेलिकप्टरमार्फत आए पनि आन्तरिक पर्यटक गाडीमै आउने बताउनुभयो । सडकको दूरावस्थाका कारण पनि धेरै पर्यटक चाहेर पनि ढोरपाटन आउन नसकेको भन्दै राज्यले यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो। सडक राम्रो भए सिकार आरक्ष कार्यालयले धेरै राजस्व सङ्कलन गर्नुका साथै यहाँका धेरै नागरिक व्यापार व्यवसायबाट आत्मनिर्भर बन्न सक्ने उहाँको भनाइ छ।

भानु जन्मस्थललाई साहित्यिक र सांस्कृतिक गन्तव्यस्थल बनाउन पहल सुरु

कृष्ण न्यौपाने
तनहुँ १२ जेठ /रासस

नेपाली भाषाका आदिकवि भानुभक्तको आचार्यको जन्मथलो चुँदीरम्घालाई साहित्यिक र सांस्कृतिक गन्तव्यका रुपमा विकास गर्न पहल थालिएको छ। तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घालाई साहित्यिक र सांस्कृतिक पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न लागएको हो।

भानु नगरपालिकाको नेतृत्वमा यस ठाउँमा साहित्यिक उद्यान निर्माणको प्रक्रियाले गति लिएको छ । चुँदीरम्घालाई सप्तधामको रुपमा विकास गर्ने लक्ष्य सहित साहित्यिक उद्यान निर्माणलाई सुरु गरिएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो। विगतमा जग्गा अधिग्रहणको काम सुरु भएपनि कामले गति लिन नसकेको भन्दै चालु आर्थिक वर्षदेखि यो काम तीव्र गतिमा अगाडि बढेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलोलाई सप्तधामका रुपमा विकास गर्नुपर्छ भनेर अगाडि बढेका छौ।” सिङ्गो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको त्रिपाठीको भनाइ छ । उहाँले भन्नुभयो, “राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अघि बढेका छौँ ।” साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिनेछ। त्रिपाठीका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालिन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ । त्रिपाठीले भन्नुभयो, “भानु साहित्य उद्यानको मूल उद्देश्य भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल र सांस्कृतिक एकताको केन्द्रका पमा विकास गर्न आवश्यक भौतिक संरचना निर्माण गर्नु हो । नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाहरूको संरक्षण सम्बर्द्धनका निम्ति विविध कार्यक्रम सञ्चालन गरिनेछ ।” रम्घाकोटमा भानुभक्तको विशाल प्रतिमा निर्माण गर्नु, नेपालको सामाजिक तथा सांस्कृतिक एकीकरण प्रक्रियामा भानुभक्तले दिएको योगदानलाई परिलक्षित गर्न नेपालका सातै प्रदेशको प्रतिनिधित्व हुने गरी सप्तधाम निर्माण गर्नु, रम्घाडाँडामा भानुभक्तकालिन घरबस्ती, जनजीवन, रहनसहन र सामाजिक वातावरणलाई वस्तुगत वा चित्राङ्कित रुपमा प्रदर्शन गर्नु यसको उधेश्य रहेको त्रिपाठीको भनाइ छ।

रु एक करोड ८० लाख खर्च

भानु साहित्यिक उद्यानका लागि हालसम्म रु एक करोड ८० लाख खर्च भएको छ। साहित्यिक उद्यान निर्माणका लागि गत र चालु आवमा गरी रु एक करोड ८० लाख ४१ हजार पाँच सय खर्च भएको हो। उद्यान निर्माणका लागि हालसम्म एक सय ३५ कित्ता जग्गा अधिग्रहण गरी लालपूर्जा नगरपालिकाको स्वामित्वमा आइसकेको प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो । त्यस्तै ५३ कित्ताको लालपूर्जा बन्न बाँकी रहेको र ३२ कित्ताको जग्गा अधिग्रहणका लागि सिफारिसको तयारीमा रहेको पौडेलले बताउनुभयो । बत्तिस कित्ताको जग्गा अधिग्रहणका लागि रु ५९ लाख मुआब्जा निर्धारण भएको छ।

पौडेलका अनुसार चालु आर्थिक वर्षमा साहित्यिक उद्यान निर्माणका लागि सरकारबाट रु पाँच करोड बजेट प्राप्त भएको थियो। त्यसमध्ये जग्गा अधिग्रहणबापत रु ७६ लाख ६७ हजार आठ सय ५१ सम्बन्धित लाभग्राहीको खातामा गइसकेको छ। त्यस्तै रु एक करोड २९ हजार भुक्तानीका लागि चेक बनिसकेको र बैङ्कमा पठाउने तयारी गरिएको उहाँको भनाइ छ । पौडेलका अनुसार अघिल्लो आर्थिक वर्षमा ३८ कित्ताको रु ९८ लाख ७६ हजार चार सय ५७ भुक्तानी भइसकेको छ। यसैगरी चालु आर्थिक वर्षमा गुरुयोजना अवधारणासम्बन्धी विज्ञ बैठकका लागि रु तीन लाख खर्च भएको पौडेलले जानकारी दिनुभयो । पौडेलले साहित्यिक उद्यान निर्माणका लागि हालसम्म ३६ प्रतिशत वित्तीइ प्रगति भएको उल्लेख गर्नुभयो । साहित्यिक उद्यान निर्माणका लागि विसं २०७८ सालमा रु दुई करोड बजेट विनियोजन भएको थियो। विसं २०७९ जेठ १९ गते जग्गा अधिग्रहणका लागि सूचना प्रकाशित गरिएको थियो । त्यतिबेला ३८ कित्ता जग्गाको रु ९८ लाख ७६ हजार चार सय ५७ भुक्तानी गरिएको थियो । चालु आर्थिक वर्षमा विसं २०८० माघ ३ गते रु पाँच करोड बजेट प्राप्त भएपछि माघ २३ गते बैठक बसी मुआब्जा निर्धारण गरिएको जनाइएको छ । यस आर्थिक वर्षमा ७१ रोपनी जग्गाका लागि मुआब्जा निर्धारण भइ दुई किस्तामा रकम पठाइएको पौडेलको भनाइ छ।

अनुदानमा बिरुवा पाएपछि जैमिनीका किसान केराखेती गर्दै

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

जिल्लाको जैमिनी नगरपालिकाले चालु आर्थिक वर्षदेखि किसानलाई केराका बिरुवामा अनुदान उपलब्ध गराउन थालेपछि यसतर्फ उनीहरूको आकर्षण बढेको छ।

नगरपालिकाले केराखेत गर्ने किसानका लागि प्रतिबिरुवा रु २० अनुदान उपलब्ध गराउन थालेपछि स्थानीयले धान फल्ने खेतमा केराखेती गर्न थालेका हुन्। बागलुङ तथा कुश्मा बजारमा कुश्मीशेराका केराको माग बढी हुनाका साथै उत्पादन पनि बढी हुने भएकाले किसानलाई यसतर्फ आकर्षित गर्न अनुदान उपलब्ध गराइएको जैमिनी-१ कुश्मीशेराका वडाध्यक्ष विष्णु आचार्यले राससलाई बताउनुभयो । यहाँका एक सय किसानलाई अन्य कृषि पेसासहित केराखेतीमा पनि जोडिएको उहाँले जानकारी दिनुभयो । जैमिनी-१ कुश्मी गाउँका ७२ वर्षीय देवनारायण शर्मालाई हिजोआज केराका बिरुवा खेतमा पुऱ्याउने चटारो छ। घर पारिको खेतमा केराका बिरुवा लगाउन दैनिक चारजना खेताला परिचालन गरेको उहाँले बताउनुभयो। शर्माका अनुसार आठ रोपनी जमिनमा यतिबेला सयौँ केराका बोट छन्। उहाँले २५ रोपनी जमिन रहेको भन्दै बाँकी खेतमा पनि केरा लगाउने योजना बनाएको बताउनुभयो।

यस वर्ष मात्रै दुई हजार तीन सय ५० केराका बिरुवा लगाएको शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार अघिल्ला वर्षहरू लगाइएका बोटले वर्षेनि आम्दानी दिइरहेका छन्। “केही वर्ष अघिसम्म कयौँ दिन लगाएर रोपाइँ गरिने खेत जनशक्तिको अभावमा बाँझै हुन थालेको थियो। अहिले केराका बगैँचा बनेका छन्”, उहाँले भन्नुभयो, “छोराछोरी घरमा छैनन्, खेताला लगाउँदा घाटा नहुने भएकाले केराखेती गर्न लागेको हुँ।” खेत र पाखाभरि केराको बगान बनाउने योजना रहेको उहाँको भनाइ छ । शर्मा मात्रै होइन, यहाँका अधिकांश किसानले धान फल्ने खेतमा केरा लगाउन थालेका छन्। कुश्मीगाउँका धर्मराज शर्मा, वडारका खेम पौडेल, टारका पूर्णप्रसाद शर्मालगायतले धान रोपाइँ नगरेर केराखेती थाल्नुभएको हो। “धान रोप्दा उत्पादनले खेताला नथेग्ने अवस्था भयो।

बीउ, मल उस्तै महँगो”, पूर्णप्रसाद शर्माले भन्नुभयो, “वर्षमा एक महिना जति हेरचाह गरे वर्षभरि उत्पादन दिन्छ। खेती गर्न सहज र आम्दानी पनि मनग्ये हुन्छ।” उहाँका अनुसार केराखेती विस्तारका लागि वडा कार्यालयले प्रोत्साहित पनि गरिरहेको छ । प्राविधिक समस्या भए वडाले सहजीकरण गर्ने उहाँको भनाइ छ । केराखेतीबाट यहाँका अधिकांश किसानले वर्षमा रु ५० हजारदेखि रु चार लाखसम्म आम्दानी गरिरहेका कृषि प्राविधिक रवीन्द्र शर्माले बताउनुभयो। उहाँका अनुसार समुन्द्री सतहबाट छ सय मिटर उचाइमा रहेकाले जैमिनीघाट र कुश्मीसेरा केराखेतीका लागि उपयुक्त स्थान हो।

‘रामरेखा लोकल’, ‘झापाली मालुवा’ र ‘जी-९’ जातका केरा यहाँ सिफारिस गरिएको शर्माले जानकारी दिनुभयो। स्थानीय जातका केरा छिटो नबिग्रने भएको सिफारिस गरिएको उहाँको भनाइ छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले पनि यस क्षेत्रलाई केराको ‘पकेट जोन’ मानेको छ। वडा कालीगण्डकी करिडोर र बागलुङ कुश्मीसेरा खण्डमा जोडिएपछि बजारीकरणमा सहज भएको जैमिनी-१ का वडाध्यक्ष आचार्यले बताउनुभयो। यहाँको केरा बजारमा प्रतिदर्जनरु एक सय २० देखिरु एक सय ५० सम्ममा बिक्री हुने गरेको स्थानीय बताउँछन्।

नगरपालिकाले केरा पकेट विस्तार कार्यक्रमअन्तर्गत कृषि निर्देशनालयको सहकार्यमा ‘नाफा परियोजना’ सञ्चालन गरेको कृषि प्राविधिक शर्माले जानकारी दिनुभयो। “रु एक करोड बजेटमा हामीले प्रवर्द्धनात्मक कार्यक्रम गर्दैछौँ”, उहाँले भन्नुभयो, “सिँचाइका लागि पाइप खरिद गरेर किसानलाई दिने काम भइरहेको छ।”

खानीगाउँमा खानेपानी आयोजना निर्माणसम्पन्न

पोखरापत्र संवाददाता
म्याग्दी, १२ जेठ

म्याग्दीको मङ्गला गाउँपालिका-१ मा खानीगाउँमा ‘एक घर, एक धारा’सहितको खानेपानी आयोजना निर्माण भएको छ।

नेपाल स्वास्थ्यका लागि पानी (नेवा) संस्था, मङ्गला गाउँपालिका र उपभोक्ताको रु ३० लाख ५१ हजार ७१ को लागतमा निर्माण भएको आयोजनाबाट ३२ घरपरिवार लाभान्वित भएका छन् । नेवाका प्राविधिक गोर्खबहादुर शाहीले स्थानीय विद्यालयमा थप एकवटा सहित ३३ वटा धारा निर्माण गरिएको जानकारी दिनुभयो। यसअघि चार-पाँचवटा घरका लागि एउटा धारा बनाइएको थियो। वितरण प्रणाली र मुहान् व्यवस्थित नहुँदा खानेपानीको समस्या भएपछि नयाँ खानेपानी आयोजना निर्माण गरिएको उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र भण्डारी (राजाराम)ले बताउनुभयो । मुहान र वितरण पाइपलाइनलाई व्यवस्थित गरेपछि सीमित स्रोतले पनि सबैले सहजरूपमा खानेपानी उपभोग गर्न पाएका उहाँले बताउनुभयो । आयोजना निर्माणका लागि नेवाले रु १४ लाख ३७ हजार ३७, मङ्गला गाउँपालिकाको रु छ हजार ६९ हजार छ सय ९८ र उपभोक्ताको रु आठ लाख ३५ हजार सात सय ७९ बराबरको श्रमदानमा आयोजना निर्माण भएको उपभोक्ता समितिले जनाएको छ । आयोजनाका लागि थप रु एक लाख आठ हजार पाँच सय ५७ नगद सङ्कलन गरिएको थियो। घरघरमा धाराका साथै भाडा माझ्ने जुठेल्ना र सुकाउने पक्की चाङ बनाइएको छ । उपभोक्ता समितिका अध्यक्ष भण्डारीले घरमै नियमित खानेपानी आउन थालेपछि समयको बचत, झन्झट र सास्ती हटेको बताउनुभयो।

नेवा संस्थाको सहयोगमा मङ्गला गाउँपालिकाको र्‍यालेखोर-भाइवाङमा खानेपानी आयोजना निर्माण सकिएको छ भने हिदीमा अर्को आयोजना निर्माणाधीन छ । रु ९२ लाख २४ हजार नौ सय ८७ को लागतमा निर्माण भएको र्‍यालेखोर खानेपानी आयोजनाबाट एक सय परिवार लाभान्वित भएका छन् । हिदीका ६४ घरमा निजी धारासहितको खानेपानी वितरण गर्ने योजना रहेको छ।